**TITLE:** ITS_R007– **अग्रिम कर कट्टीका लागि स्थायी लेखा नम्बर दर्ता (REGISTRATION FOR WITHHOLDER PAN)**

**Purpose(प्रयोजन):** अग्रिम करकट्टी गर्ने र व्यवसायिक स्थायी लेखा नम्बर लिनु नपर्ने निकायका लागि स्थायी लेखा नम्बर दर्ता प्रक्रियाका लागि।

यस अन्तर्गत संबैधानिक निकाय, आयोग, अदालत, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका सबै सरकारी निकाय, विश्वविद्यालय, कुटनीतिक मिसन, विकास साझेदार, दूतावास जस्ता व्यवसायिक स्थायी लेखा नम्बर लिनुनपर्ने अन्य निकायहरु पर्द छन्।

**Responsibilities(जिम्मेवारी):**

व्यवसायिक स्थायी लेखा नम्बर लिनु नपर्ने माथि उल्लिखित निकायले WPAN दर्ताका लागि आन्तरिक राजस्व विभागले तोकेको कार्यालयमा आवश्यक विवरणहरु सहित निवेदन दिनुपर्दछ । यस्ता निकायले विद्युतीय माध्यमबाट वा आन्तरिक राजस्व विभागले जारी गरेको फाराम भरी आफ्नो पायक पर्ने कार्यालयमा दाखिला गर्न सक्नेछन् ।

यस्ता निकायले भरेको विवरण सहि छ वा छैन र पर्याप्त छ वा छैन भनेर सुनिस्चित गर्ने र निकायको माग अनुरुप करदाताको दर्ता प्रक्रिया थाल्ने दायित्व **कर अधिकृतको** हुनेछ ।

**PROCEDURE (प्रकृया):**

## 1.0 दर्ता प्रकियाका लागि निबेदन (Application for registration)


## यो अंश निवेदक(करदाता)ले पुरा गर्नुपर्ने छ ।

1.1 व्यवसायिक स्थायी लेखा नम्बर दर्ताका लागि निवेदन दिन व्यक्ति वा संस्थाले आन्तरिक राजस्व विभागको वेब साइट (Website) https://ird.gov.np प्रयोग गर्नु पर्दछ। त्यसपछि Taxpayer Portal छान्नु पर्दछ ।

1.2 **Taxpayer Portal** लिंकमा क्लिक गर्ने । क्लिक गरेपछि **'Tax Payer Portal'** मेनु (Menu)देखा पर्दछ।

1.3 '+' संकेत क्लिक गरेर **Registration for (PAN, VAT, EXCISE)** मेनु (Menu) खोल्नुहोस् ।


1.4 **Application for Registration** मा क्लिक गरेपछि तलको स्क्रिन देखा पर्दछ।




1.5 स्थायी लेखा नम्बरका लागि निवेदन दिन सब्मिसन(Submission) नम्बर लिन जरुरी हुन्छ । सब्मिसन नम्बर लिन माथि स्क्रिनमा देखिएको फाराम भर्नु पर्दछ । तलको विवरणहरु माथि देखाईएको स्क्रिनमा भर्नुहोस् ।

1. **Username** – Username (प्रयोगकर्ताको नाम) संवेदनशील (case sensitive) हुन्छ । यदि निवेदनमा विवरणहरु आंसिक रुपमा भरिएको छ र पछि निवेदन फेरी खोल्न परेको अवस्थामा, प्रयोगकर्ताको नाम (Username) अनिवार्य हुन्छ। त्यसैले सब्मिसन(Submission) फाराम भर्दा प्रयोग गरेको प्रयोगकर्ताको नाम (Username) सुरक्षित रुपमा लेखेर राख्नु पर्दछ ।
2. **Password** – पासवर्ड (Password) संवेदनशील (case sensitive) हुने भएकाले ध्यानपूर्वक प्रविष्ट गर्नु पर्दछ । पहिले सुरक्षित गरेको निवेदन भविष्यमा खोल्नका लागि पासवर्ड (Password) चाहिन्छ। त्यसैले सब्मिसन (Submission) नं. लिंदा प्रयोग गरेको पासवर्ड (Password) सम्झनु पर्दछ ।
3. **Re-Password** –पहिला प्रयोग गरेको पासवर्ड ठिक छ वा छैन भनेर सुनिश्चित गर्नका लागि पासवर्ड पुन:टाइप गर्नु पर्दछ ।
4. **Contact No.** – सम्पर्क मोबाइल नं. टाइप गर्नुहोस् ।
5. **Email ID -** आफूले सधैं प्रयोग गर्ने इमेल टाइप गर्नुहोस् ।


6. दर्ताका लागि – व्यवसायिक स्थायी लेखा नम्बर दर्ताका लागि **Income Tax** छान्नुहोस्।
7. निवेदन दर्ता गर्ने कार्यालय छान्नुहोस् । *(निवेदकले अन्तरिक राजस्व कार्यालय (IRO) वा करदाता सेवा कार्यालय (TSO) कुनै एकमा निवेदन दर्ता गर्न सकिनेछ।)*
8. कुन कार्यालयमा निवेदन दर्ता गर्ने हो त्यो सूचीबाट छान्नुहोस् ।
9. त्यसपछि पुछारमा दाहिने कुनामा रहेको **'OK'** बटन क्लिक गर्नुहोस्। त्यसपछि तलको स्क्रिन देखा पर्दछ ।




तलको विवरणहरु फाराममा भर्नुहोस् ।

10. सूचीबाट निकायको प्रकार छान्नुहोस् । यसमा "TDS" छनौट गर्नुपर्दछ ।
11. सूचीबाट निकायको उप-प्रकार छान्नुहोस् । निकायको उप-प्रकारको सूचीमा रहेका **'Government Organization'**, **'Development Partner'**, **'Diplomatic Mission'**, **'Embassy'**, **'Court'**, **'School/College/University'** र **'Others'** बाट छान्नुहोस् । प्रदेश सरकार र स्थानीय तहका कार्यालय तथा निकायले **'Government Organization'** छनौट गर्ने, यसमा नपरेका अन्य निकायले **'Others'** छनौट गर्नुहोस्।
12. Continue क्लिक गर्नुहोस्। त्यसपछि तलको स्क्रिन देखापर्दछ ।

## क) सरकारी निकाय





- संस्था/ निकायको नाम नेपालीमा र अंग्रेजीमा भर्नुहोस् ।
- सरकारी निकाय भए संघ, प्रदेश वा स्थानीय तह कुन स्तरको कार्यालय हो छनौट गर्नुहोस् ।
- मन्त्रालय, विभाग र कार्यालयको नाम उल्लेख गर्नुहोस् ।

## ख) कुटनीतिक मिसन


- कुटनीतिक मिसनको नाम नेपालीमा र अंग्रेजीमा भर्नुहोस् ।
- कुटनीतिक मिसनको प्रकार छान्नुहोस् ।

## ग) विकास साझेदार





- परियोजनाको नाम भर्नुहोस् ।
- परियोजनाको कार्यालय भर्नुहोस् ।
- लगानी गर्ने निकाए भर्नुहोस् ।
- सुरु मिति अन्तिम मिति भर्नुहोस् ।

## घ) दूतावास



- दूतावासको देशको नाम छान्नुहोस्

### ङ) अदालत





- अदालतको प्रकार छान्नुहोस् ।
- अदालतको नाम लेख्नुहोस् .

13. ठेगाना


- जिल्ला र पालिका छनौट गरी अन्य विवरण भर्नुहोस् ।

14.




**<u>बैंक खाता सम्बन्धी विवरण (अनिवार्य नरहेको)</u>**

संस्था/निकायले बैंक, बैंकको शाखा र खाता नम्बर भर्न सक्नेछन् ।




संस्था/निकायले विवरण पूर्ण रुपमा नभरेको अवस्थामा Save गरेर राख्न सक्नेछन्। पूर्ण विवरण भरिसकेपछि Submit गर्नुपर्नेछ । विवरणहरु **Save** गर्नका लागि **'Save'** बटन क्लिक गर्नुहोस् ।**'Submit'** गर्नका लागि **'Submit'** बटन क्लिक गर्नुहोस् । “Print” Button मा क्लिक गरी पुरा निवेदन प्रिन्ट गर्न सकिनेछ।

## 2.0 निवेदनको प्रमाणीकरण (Verification of Application)

2.1 WPAN आवेदन गर्ने संस्था/निकायले दाखिला गरेको सबै निवेदनहरु रुजु गर्ने अधिकृतको **'Submitted List'** मा देखा पर्दछ। कर अधिकृतले निवेदन र संलग्न कागजातहरु रुजु गरिसकेपछि PAN Allocate हुन्छ ।

**Revision History:**

| पुनरावलोकन | मिति (दिन/महिना/वर्ष) | परिवर्तनको बिवरण | अनुरोध कर्ता |
|---|---|---|---|
| | | | |